सम्बत् २०७७ साल मङ्सिर १५ गते सोमबारबसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

क्र.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
१.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यावधि मिति २०७७।९।१० बाट एक वर्षका लागि थप गर्ने।
२.	अर्थ मन्त्रालय	प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजनाका लागि एसियाली बिकास बैंकबाट प्राप्त हुने अमेरिकी डलर ४० मिलियन (करिव रु. ४ अर्व ७७ करोड) वरावरको सहुलियतपूर्ण ऋण र अमेरिकी डलर १० मिलियन (करिब रु. १ अर्व १९ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने।
३.	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	सान्जेन जलविद्युत कम्पनी लिमिटेड अन्तर्गत निर्माणाधीन १४.८ मेगावाट क्षमताको सान्जेन (माथिल्लो) तथा ४२.५ मेगावाट क्षमताको सान्जेन जलविद्युत आयोजनाको लागि रसुवा जिल्लामा निर्माण हुने प्रशारण लाइनको राइट अफ वे को दायाँ बायाँ ९/९ मिटरमा पर्ने निजी जग्गा लगायतका अन्य संरचनाहरूको क्षतिपूर्ति निर्धारण गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अध्यक्ष र विद्युत विकास विभागका सि.डि.ई. श्री चिरञ्जीवि झालाई सदस्य तोक्ने।
४.	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	ईलाम जिल्ला साविक फुटुक र वाफ्रुङ, साविक खान्द्रुङ र नामथलाका हाल इलाम नगरपालिकामा पर्ने बाहेकका क्षेत्रहरु र साविक साङरुम्बा गा.वि.स.का हाल इलाम नगरपालिकामा पर्ने बाहेकका क्षेत्रहरु मालपोत/नापी कार्यालय, ईलामको कार्यक्षेत्रबाट झिकी हालको सिंगो देउमाई नगरपालिका मालपोत/नापी कार्यालय मंगलबारे, ईलामको कार्यक्षेत्रमा समावेश गरी सो क्षेत्रका मोठश्रेष्ता, फिल्डबुक लगायत मालपोत/नापी कार्यालय मंगलबारे, ईलामलाई हस्तान्तरण गरी सेवा संचालन गर्न स्वीकृति दिने।
५.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	सवारी चालक अनुमतिपत्रको नवीकरण एवं संघको अधिकार क्षेत्रभित्र पर्ने सार्वजनिक सवारी साधनहरुको जाँचपास र रुट ईजाजतपत्रको नवीकरण गर्ने म्याद २०७७ मंसिर मसान्त भित्र परेमा ढीलो भएबापत/नवीकरण म्याद नाघेबापत बुझाउनु पर्ने शुल्क जरिवाना मिनाहा गर्ने गरी स्वीकृति दिने।
६.	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	क. चालु आर्थिक वर्ष २०७७/७८ का लागि भक्तपुरको सानोठिमीस्थित बालसुधार गृह र सोको विस्तारित शाखाहरुको रुपमा रहेका कास्की, मोरङ तथा बाँकेस्थित बाल सुधार गृहहरुको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी न्यूनतम सुविधाविहिन बालबालिकाको लागि शैक्षिक कार्यक्रम (यूसेप नेपाल) सञ्चालन गर्न दिने। ख. आगामी आर्थिक वर्षदेखि भक्तपुरको सानोठिमीस्थित बालसुधार गृह र सोको विस्तारित शाखाहरुको रुपमा रहेका कास्की, मोरङ तथा बाँकेस्थित बाल सुधार गृहहरुको सञ्चालन र व्यवस्थापन सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक जनशक्ति र संगठन संरचनाको व्यवस्था गरी नेपाल सरकार आफैले सञ्चालन गर्ने।
७.	रक्षा मन्त्रालय	नेपाली सेनाका महासेनानी पुरुषोतम ढकाल, प्राविधिक महासेनानी ईश्वर कुमार श्रेष्ठ र प्राविधिक महासेनानी अच्युत प्रसाद अधिकारीको पदावधि थप गर्ने।

८.	वन तथा वातावरण मन्त्रालय	रोहिणी सिँचाइ आयोजनाको मूल नहर र सोलगायतका अन्य भौतिक संरचनाहरू निर्माण गरी उक्त सिंचाइ आयोजना सञ्चालन गर्न रुपन्देही जिल्लाको देवदह नगरपालिका-२ मा रहेको राष्ट्रिय वन क्षेत्रको ०.६८ हेक्टर जग्गा प्रयोग गर्न र तहाँ रहेका रुख/पोल बिरुवाहरूसमेत हटाउन स्वीकृति दिने।
९.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	खाद्य पदार्थको गुण, स्तर निर्धारण सम्बन्धी आदेश स्वीकृत गर्ने।
१०.	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	पाइपलाइनबाट पेट्रोलियम पदार्थ ढुवानी (सुरक्षा तथा नियमन) आदेश, २०७७ स्वीकृत गर्ने।
११.	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने।

सम्बत् २०७७ साल मङ्सिर १८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

क्र.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
१.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	भीमफेदी सेठघर हात्तीसार कार्यालयलाई हात्तीसार सङ्ग्रहालयको रूपमा संरक्षण र व्यवस्थापनका लागि बागमती प्रदेश सरकारलाई प्रयोग/उपयोग गर्न स्वीकृति दिने।
२.	अर्थ मन्त्रालय	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना सञ्चालन गर्न विश्व बैंकबाट प्राप्त हुने अमेरिकी डलर ८० मिलियन (करिब रु. ९ अर्ब ३८ करोड) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने।
३.	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७७ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।
४.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	बंगलादेश सरकारसँग पचास हजार मेट्रिक टन युरिया मल सरकार-सरकार (G to G) प्रक्रियाबाट खरिद गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।
५.	गृह मन्त्रालय	काठमाण्डौंस्थित लिंकन स्कुलमा कार्यरत शिक्षक, कर्मचारी तथा निजहरुका आश्रित परिवारका सदस्यहरुलाई प्रस्तावित समझदारी पत्र सम्पन्न भए पश्चात सोही बमोजिम हुने गरी हाललाई एकवर्षका लागि निःशुल्क बहुप्रवेशी गैर पर्यटक भिसा प्रदान गर्ने।
६.	गृह मन्त्रालय	सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।
७.	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	नागढुङ्गा-नौबिसे-मुग्लिङ्ग सडक खण्डको नौबिसे-मुग्लिङ्ग खण्डका खहरे खोला, चिरौंदी खोला, गोमती खोला र हुग्दी खोला गरी जम्मा ४ वटा पुलहरु निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।
८.	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	कञ्चनपुर जिल्लाको माहाकाली नगरपालिकाको नाम हेरफेर गरी दोधारा चाँदनी नगरपालिका कायम गर्ने।
९.	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	वारपाक सुलिकोट गाउँपालिका, गोरखाको जग्गा इलाका प्रहरी कार्यालय, ताकुकोटको नाममा हक हस्तान्तरणको लागि स्वीकृति दिने।
१०.	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	भक्तपुर क्यान्सर अस्पताल विकास समितिको कार्यकारी निर्देशक पदमा भद्रपुर-७ झापा निवासी डा. बिष्णुदत्त पौडेललाई नियुक्त गर्ने।
११.	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	स्थानिय तह अन्तर्गतका देहायका अस्पतालहरू तथा प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश सरकारको मातहतमा राखी व्यवस्थापन गर्ने: (क) चरिकोट अस्पताल, दोलखा। (ख) मेथिनकोट अस्पताल, काभ्रेपलाञ्चोक। (ग) बज्रबाराही चाँपागाँउ अस्पताल, ललितपुर। (घ) बकुलर रत्ननगर अस्पताल, चितवन। (ङ) टोखा चण्डेश्वरी प्राथमिक स्वास्थ्य केन्द्र, काठमाडौं।
१२.	राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डा. पेम नारायण कँडेललाई नेपाल कृषि तथा वन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्ने।	

१३. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्ने–

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री तोयानारायण ज्ञवाली	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२.	श्री अर्जुनप्रसाद पोखरेल	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.२	राजपत्राङ्कित विशिष्ट श्रेणी, अतिरिक्त समूह
३.	श्री गोकर्णमणि दुवाडी	राजपत्राङ्कित विशिष्ट श्रेणी, अतिरिक्त समूह	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.२

सम्बत् २०७७ साल मङ्सिर २३ गते मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

क्र.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
१.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति, २०७७-२०८८ स्वीकृत गर्ने।
२.	अर्थ मन्त्रालय	नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ स्वीकृत गर्ने।
३.	अर्थ मन्त्रालय	आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ संशोधन गर्ने।
४.	रक्षा मन्त्रालय	नेपाली सेनाका प्रमुख सेनानी सगुन शम्सेर ज.ब.रा. र सेनानी जयानन्द जोशीलाई अवकाशपूर्व विशेष बढुवा गर्ने।
५.	रक्षा मन्त्रालय	नेपाली सेनाका महासेनानी सोवित बहादुर अधिकारीलाई सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने।
६.	वन तथा वातावरण मन्त्रालय	परिष्कृत राष्ट्रिय निर्धारित योगदान (Enhanced Nationally Determined Contribution; eNDC) स्वीकृत गर्ने।
७.	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	निजामती सेवा नियमावली, २०५० को अनुसूचीमा हेरफेर तथा थपघट गर्ने।
८.	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	सूचनाको हक सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने।
९.	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।